नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# नेपाल सरकार

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सिंहदरबार, काठमाडौं

## मन्त्रालयको सम्पूर्ण नेटवर्किङ सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/०६/१७ )

यस मन्त्रालयको सम्पूर्ण नेटवर्किङ व्यवस्थापनसम्बन्धी कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको संलग्न तालिकामा उल्लेख भएको दिनको कार्यालय समयसम्ममा फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/प्यान दर्ता र आ.व. २०७५/७६ को करचुक्ता प्रमाणपत्र संलग्न गरी) पेश गरी यस मन्त्रालयबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ।

२. बोलपत्र जमानत वापत बोलपत्रदाताले संलग्न तालिकामा उल्लेख भएको रकम बराबरको यस मन्त्रालयको नाममा मान्यताप्राप्त वाणिज्य बैकबाट जारी भएको बैक जमानत पत्र वा को.ले.नि.का. काठमाडौं भुक्तानी केन्द्र नं. ४ सिंहदरबारको एभरेष्ट बैंक लि. को धरौटी खाता नं. १३५००१ म यस मन्त्रालयको (कोड ३६५००३५०१) तर्फबाट रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ। बैक जमानतको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन सम्मको मान्य अवधि ( भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ। बोलपत्रको मान्य अवधि ९० (नब्बे) दिन हुनेछ।

३. प्रस्तावदाताले तालिकामा उल्लेखित कुनै एक वा सो भन्दा बढी प्रस्ताव छुट्टाछुट्टै खरिद गरी छुट्टाछुट्टै नै तोकिएको समयभित्र *बोलपत्र* फाराम सिलबन्दी गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले तालिकामा उल्लेख भएको दिन र समयभित्र यस मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखामा दर्ता गराई सक्नुपर्नेछ।

४. दर्ता हुन आएका बोलपत्र फारामहरु तलिकामा उल्लेखित दिनभित्र यस मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर कम्पनी/फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोल्न सहभागी हुन चाहने फर्म/कम्पनीका प्रतिनिधिलाई आधिकारिक पत्र सहित आफ्नो पहिचान खुल्ने परिचयपत्र अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध गरिएको छ। अन्यथा बोलपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन। बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन एवम् बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा ती कार्यहरु भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

५. बोलपत्रदाताको कानुनी ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ (क) फर्म/संस्था/कम्पनीदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्यअभिवृद्धि कर र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ( ग)बोलपत्रदाताले खरिद कारबाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व.२०७५।७६ सम्मको करचुक्ताको प्रमाणीत प्रतिलिपी (ङ) फर्म/कम्पनीले आधिकारिक रूपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र।

६. MOFAGA-NCB-02/2077/78को बोलपत्रको हकमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम २५ को २(क) बमोजिम आपूर्तिकर्ताको विगत ३ आ.ब.मा कार्य गरेको औषत रु ४० लाख नघट्ने गरी कारोबार गरेको कागजात संलग्न हुनुपर्नेछ।

७. बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर *" यस मन्त्रालयको नाम, बोलपत्र नं. र विवरण "* स्पष्टसंग उल्लेख गर्नु पर्नेछ।

८. बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको, बोलपत्र फाराम र यसै सूचनाको बुँदा नं. ५ मा उल्लेख गर्नुपर्ने भनिएका काजगातहरु बोलपत्रसाथ समावेश नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ।

१०. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु बोलपत्र फाराम एवं प्रचलित कानुन अनुसार हुनेछ।

११. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखामा सम्पर्क राख्न सकिनेछ।

| सि.नं. | बोलपत्र/ ठेक्का नं. | विवरण | बोलपत्र खरिद गर्ने अन्तिम दिन र समय | बोलपत्र बुझाउने अन्तिम दिन र समय | बोलपत्र खोल्ने दिन र समय | बोलपत्र फाराम दस्तुर रु. | लागत अनुमान( मू.अ.कर सहित ) | बोलपत्र जमानत रकम रु.. |
|---|---|---|---|---|---|---|---|---|
| १ | MOFAGA-NCB-02/2077/78 | मन्त्रालयको सम्पूर्ण नेटवर्किङ ब्यबस्थापन | २०७७।७।१६ दिनको ४ बजे | २०७७।७।१७ दिनको १२ बजे | २०७७।७।१७ दिनको २ बजे | रु ३०००।- | रु ३९,९८,९६७।- | रु १,२०,०००।- |

श्री सूचना तथा प्रविधि शाखा

प्रस्तुत सूचना वेभसाईटमा अपलोड गरिदिनुहुन।